नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सिफारिस समितिको सचिवालय

सिंहदरबार, काठमाडौं

## लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदका लागि निवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३।२।२९**

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (५) बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न तपसिल बमोजिमको योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकबाट लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ अनुसूची १ बमोजिम निवेदन आह्वान गरिएको छ।

**तपसिलः**

१. नेपाली नागरिक भएको।

२. **शैक्षिक योग्यता र अनुभव** : सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य शास्त्र, कानुन, इन्जिनियरिङ वा विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंकिङ, वित्तीय क्षेत्र वा औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा दस वर्षको व्यवस्थापकीय तहको अनुभव हासिल गरेको।

३. **उमेरः** निवेदन दिने अन्तिम मिति सम्ममा पैंतीस वर्ष उमेर पूरा भएको र पैसठ्ठी वर्ष ननाघेको।

४. विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र लिएको भए दरखास्त दिनुभन्दा तीन महिना अगाडि नै त्यस्तो अनुमति पत्र त्याग गरेको खुल्ने निस्सा वा स्वघोषणा।

५. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (४) बमोजिम तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको व्यहोरा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची २ बमोजिम स्व-घोषणा गरेको।

६. इच्छुक निवेदकहरूले देहायका कागजातहरूको आफैंले प्रमाणित गरेको प्रति संलग्न गर्नुपर्नेछः

   क. **नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,**

   ख. **योग्यता, अनुभव र सम्पर्क ठेगाना खुल्ने व्यक्तिगत विवरण (Bio-Data),**

   ग. **शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधि भएमा समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ),**

   घ. **अनुभव खुल्ने प्रमाणको प्रतिलिपि,**

   ङ. **देहायका विषयहरु समेत समावेश गरी तयार गरिएको रणनीति र कार्य योजना,**

   - **नेपालमा लगानीको अवस्था र सम्भाव्यताको विश्लेषण**
   - **लगानी बोर्डको सबल एवं दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis)**
   - **लगानी प्रबर्द्धनको रणनीतिक योजनाको खाका।**

   च. **हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति।**

७. **निवेदन पेश गर्ने अन्तिम म्याद** : सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन (अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन) कार्यालय समयभित्र।

८. **निवेदन बुझाउने स्थान** : सिफारिस समितिको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक तथा भौतिक पूर्वाधार विकास शाखा, सिंहदरबार।

९. मूल्याङ्कनका आधार तथा उम्मेदवार सिफारिस समितिको छनोट सम्बन्धी कार्यविधि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website **www.opmcm.gov.np** बाट र लगानी बोर्डको कार्यालयको website **https://ibn.gov.np** बाट प्राप्त गर्न सकिनेछ।

१०. थप जानकारीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सामाजिक तथा भौतिक पूर्वाधार विकास शाखामा आएर वा फोन ९८५११४९९५९ मा (कार्यालय समयभित्र) फोन गरेर सम्पर्क गर्न सकिनेछ।

# लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि

# सिफारिस सम्बन्धी कार्यविधि, २०८३

स्वीकृति मिति २०८३।०२।२८

सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (७) बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न नेपाल सरकारसमक्ष नाम सिफारिस गर्ने प्रयोजनका लागि उक्त ऐनको दफा १२ को उपदफा (५) बमोजिम गठित सिफारिस समितिले सार्बजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ७ को उपनियम (७) बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस गर्ने सम्बन्धी कार्यलाई सरल, प्रभावकारी, प्रतिस्पर्धी, पारदर्शी, वस्तुनिष्ठ एवम् विश्वसनीय बनाउन वान्छनीय भएकोले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ।

(ख) "बोर्ड" भन्नाले लगानी बोर्ड सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ सम्झनु पर्दछ।

(घ) "नियमावली" भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ सम्झनु पर्दछ।

(ङ) "कार्यविधि" भन्नाले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ।

(ज) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्दछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

३. समितिको गठनः (१) सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (७) बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न नेपाल सरकारसमक्ष नाम सिफारिस गर्ने प्रयोजनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०२/२६ को निर्णयानुसार देहायको समिति गठन भएको छः

(क) अर्थ मन्त्री तथा लगानी बोर्डका उपाध्यक्ष, डा. स्वर्णिम वाग्ले - संयोजक

(ख) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, डा.गुणाकर भट्ट - सदस्य

(ग) विषय विज्ञ, श्री सुदीप ढकाल,प्रधानमन्त्रीका नीति, प्रशासन तथा सुशासन सल्लाहकार, - विज्ञ सदस्य

४. काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

समितिले प्रतिस्पर्धाका आधारमा देहाय बमोजिम छनौट गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस गर्नेछ।

(क) बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि निबेदन माग गर्ने,

(ख) निवेदकहरूको शैक्षिक योग्यता, कार्य अनुभव, विज्ञताको छानवीन गरी दरखास्त स्वीकृत र संक्षिप्त सूची प्रकाशित गर्ने,

(ग) संक्षिप्त सूचीमा परेका निवेदकहरूलाई आफ्नो व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने र मूल्याङ्कन गर्ने।

(घ) संक्षिप्त सूचीमा परेका निवेदकहरूको अन्तर्वार्ता लिने।

(ङ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्तामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरूलाई योग्यताक्रमका आधारमा प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(च) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने।

५. बैठक सम्बन्धी कार्यविधिः

(१) बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ।

(क) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ,

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ,

(ग) समितिको बैठकमा संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ,

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ। सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ,

(ङ) समितिको निर्णय उपस्थित सदस्यहरुको हस्ताक्षरबाट प्रमाणित गरिनेछ,

(च) बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) समितिको सचिवालयको काम कार्यालयको सामाजिक तथा भौतिक पूर्वाधार विकास शाखाले गर्नेछ।

६. **दरखास्त माग गर्नेः** दफा ४ बमोजिम उम्मेदवार छनौटको लागि दरखास्त माग गर्दा देहाय बमोजिम माग गर्नु पर्नेछ।

(१) उम्मेदवारको योग्यता ऐनको दफा १२ को उपदफा (३) मा उल्लेख भए बमोजिम देहाय अनुसार हुनेछ।

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशात्र, कानून, इन्जिनियरिङ्ग वा विकाश सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंकिङ्ग, वित्तीय क्षेत्र वा औद्यौगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश बर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको नेपाली नागरिक।

(२) ऐनको दफा १२ को उपदफा (४) मा उल्लेख भए बमोजिम देहायको व्यक्ति बोर्डको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन योग्य हुने छैनः

(क) भ्रष्टाचार, चोरी, मानव बेचबिखन तथा ओसारपसार, जबरजस्ती करणी जस्ता नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको अबधिभर,

(ग) पैतिस वर्ष उमेर पूरा नगरेको,

(घ) पैसठ्ठी वर्ष उमेर नाघेको।

(३) बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि उम्मेदवारबाट व्यावसायिक कार्ययोजना सहितको निवेदन पेश गर्न समितिले कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई राष्ट्रियस्तरका कम्तीमा दुईवटा दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय र बोर्डको वेबसाइटमा समेत राखु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्रकाशन भएपछि योग्यता पुगेको इच्छुक व्यक्तिले देहायका विवरण संलग्न गरी सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ तथा कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचामा स्वयं प्रमाणित गरेका कागजात सहित कार्यालयमा रहेको सिफारिस समितिको सचिवालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण (Bio data).

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (सम्बन्धित क्षेत्रमा काम गरेको अवधि खुल्ने गरी),

(च) एफोर साइज (A४ Size) को कागजमा नेपाली भाषामा तयार गरिएको रणनीति र कार्ययोजना

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(ज) निवेदन दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(झ) विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र लिएको भए दरखास्त दिनुभन्दा तीन महिना अगाडीनै त्यस्तो अनुमति पत्र त्याग गरेको खुल्ने निस्सा वा स्वघोषणा र ऐनको दफा १२ को उपदफा (४) बमोजिम तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको व्यहोरा कार्यविधिको अनुसूची २ बमोजिम स्व-घोषणा गरेको,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

७. **निवेदन छानविन र उम्मेदवारहरूको सूची प्रकाशनः** (१) समितिले प्राप्त गरेका निवेदन सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ र सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ बमोजिम भए नभएको छानविन गर्नेछ,

(२) समितिले योग्यता पुगेका उम्मेदवारहरूको सूची निवेदन दिने अन्तिम म्याद सकिएको मितिले ७ दिनभित्र प्रकाशन गर्नेछ,

(३) प्रकाशित सूचीका आधारमा समितिले रणनीति र कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ताको मिति, समय र स्थानको जानकारी सम्बन्धित उम्मेदवारहरूलाई उपयुक्त माध्यमबाट गराउनु पर्नेछ।

८. **उम्मेदबार मूल्याङ्कनको आधार र अङ्कभारः** (१) समितिले दफा ७ बमोजिमको को सूचीमा परेका उम्मेदवारको रणनीति र कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको आधारमा मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कनको अङ्कभार देहायबमोजिम हुनेछ।

**(क) शैक्षिक योग्यता र अनुभवः -२० अङ्क**

(अ) स्नात्तकोत्तर बापत ३ अङ्क

(आ) विद्यावारिधी बापत २ अङ्क

(इ) अनुभव वापत -१५ अङ्क (व्यवस्थापकीय रुपमा काम गरेको प्रत्येक वर्षका लागि एक अङ्कका दरले)

**(ख) रणनीति र कार्ययोजनाः -५० अङ्क**

रणनीति र कार्ययोजनाको मूल्याङ्कन देहायको आधारमा गरिनेछः

(अ) नेपालमा लगानीको अवस्था र लगानी सम्भाव्यताको विश्लेषण - ५ अङ्क

(आ) लगानी बोर्डको सबल एवम् दुर्बल पक्ष तथा अवसर र चुनौतिको विश्लेषण (SWOT Analysis) -१० अङ्क

(इ) लगानी प्रवर्धनको भावी रणनीतिक योजना (Future Strategic Plan) - २५ अङ्क

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ई) अन्तर्राष्ट्रिय स्तरमा काम गरेको भए सो अनुभवलाई आन्तरिकीकरण गर्ने योजना (अन्तर्राष्ट्रिय साझेदार संस्था, बहुराष्ट्रिय कम्पनी तथा विदेशी मुलुकमा काम गरेको भएमा) -५ अङ्क

(उ) लगानी मैत्री बातावरण निर्माण तथा विकासमा व्यवस्थापनमा नविनतम प्रविधिको प्रयोग सम्बन्धी कार्ययोजना -५ अङ्क

उम्मेदवारहरुले दफा ८ को उपदफा (२ख) अन्तरगत (इ), (ई) र(उ)बमोजिमको योजना/कार्ययोजना आफ्नो कार्यानुभवको आधारमा पेश गर्नु पर्नेछ साथै सो को आधार र प्रमाण समेत पेश गरेको हुनुपर्नेछ।

**(ग) रणनीतिक छलफल (Strategic Discussion), अन्तर्वार्ता तथा व्यक्तित्व -३० अङ्क**

(अ) रणनीति छलफल (Strategic Discussion) तथा अन्तर्वार्ता - २५ अङ्क

(आ) व्यक्तित्व - ५ अङ्क

(३) रणनीति र कार्ययोजना, रणनीति छलफल, अन्तर्वार्ता तथा व्यक्तित्व वापतको अङ्क समितिका संयोजक तथा सदस्यले व्यक्तिगत रूपमा दिइ औषत गणना गरी प्राप्ताङ्क कायम गर्नु पर्नेछ।

९. **नियुक्तको लागि सिफारिश गर्नेः** (१) सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारहरूलाई योग्यताक्रमको आधारमा प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि समितिले कार्यालय मार्फत नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(२) कार्यालयले समितिको सिफारिस बमोजिम निर्णयका लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नेछ।

१०. विविधः

यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ आइपरेमा सिफारिस समितिको निर्णय बमोजिम हुनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची १

(कार्यविधिको दफा ६ को उपदफा ४ सँग सम्बन्धित)

प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको सिफारिसका लागि दिइने निवेदनको ढाँचा

श्री संयोजकज्यू,

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा, सिंहदरवार, काठमाडौं।

विषयः निवेदन पेश गरेको।

महोदय,

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न त्यस समितिबाट मिति २०८३/--/-- मा प्रकाशित सूचना बमोजिम देहायका विवरण सहित यो निवेदन पेश गरेको छु।

विवरणः

(१)

(२)

(३)

(४)

(५)

निवेदक

हस्ताक्षरः..................

नाम थरः-

ठेगानाः-नगर/गाउँ/पालिका वडा नं ....

सम्पर्क नं.-

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार

अनुसूची २

(कार्यविधिको दफा ६ को उपदफा ४ (झ) सँग सम्बन्धित।

प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि दिइने निवेदनमा गर्नुपर्ने स्वःघोषणाको ढाँचा

द्रष्ट्रव्य- तल दिएको स्वःघोषणा बमोजिम हो वा होइन आफ्नो विवरणको मा चिन्ह लगाउनुहोस।

श्री संयोजकज्यू,

लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस समितिको कार्यालय, सिंहदरबार।

विषय : स्वःघोषणा सम्बन्धमा

प्रस्तुत विषयमा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि निवेदनका साथमा देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

| | हो | होइन |
|---|---|---|
| (१) नेपाली नागरिक | ☐ | ☐ |
| (२) निवेदन दिने अन्तिम दिनसम्ममा ३५ वर्ष उमेर पूरा भएको | ☐ | ☐ |
| (३) निवेदन दिने अन्तिम दिनसम्ममा पैसठी वर्ष उमेर ननाघेको | ☐ | ☐ |
| (४) निवेदन दिदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको | ☐ | ☐ |
| (५) आफ्नो नाउँमा व्यक्तिगत बेरुजु बाँकी नरहेको | ☐ | ☐ |
| (६) सम्बन्धित क्षेत्रमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको | ☐ | ☐ |
| (७) सम्बन्धित क्षेत्रमा १० वर्षको व्यवस्थापकीय अनुभव प्राप्त गरेको | ☐ | ☐ |
| (८) वैङ्क तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (९) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव वेचविखन, लागु औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको | ☐ | ☐ |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(१०) प्रचलित कानूनबमोजिम नियुक्त हुन अयोग्य नठहरिएको ☐ ☐

(११) स्वार्थको द्वन्द्व नभएको ☐ ☐

(१२) मानसिक सन्तुलन ठीक भएको ☐ ☐

(१३) विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र (DV/PR) लिएको भए त्यस्तो अनुमिति पत्र कम्तीमा ३ (तीन) महिनाको अवधि व्यतीत भएको। ☐ ☐

माथिको व्यहोरा ठिक साँचो हो भनी स्वघोषणा गर्दछु। गलत ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।

निवेदक

हस्ताक्षरः

नाम थरः-

ठेगानाः-नगर/गाउँ/पालिका वडा नं.......

मितिः २०८३/--/--